गरी बाँकी शुल्क तथा राजस्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकारले नागरिक लगानी कोष ऐन, २०४७ को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय मानब अधिकार आयोगमा कार्यरत कर्मचारीहरूको सावधिक जीवन बीमा प्रयोजनको लागि मासिक रुपमा निजहरूको पारिश्रमिकबाट रु. २००।- (दुई सय रूपैयां) कट्टा गरी आयोगको तर्फबाट सो बराबरको रकम थप गरी लगानीकर्ता हिसाब योजनामा जम्मा गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

## नेपाल सरकार

### वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५४ ले दिएको अधिकार प्रयोग गरी सोहो नियमावलीको,-

१) अनुसूची-१ को,–

क) प्रकरण (उ) को खण्ड ३ को सट्टा देहायको खण्ड ३ राखेको छः-
“३. १ हेक्टरदेखि ४ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने ।”

ख) प्रकरण (ऊ) को खण्ड १ को उपखण्ड (ख) र (ग) को सट्टा देहायका उपखण्ड (ख) र (ग) राखेको छः–

“(ख) ५ कि.मि. भन्दा लामो ६६ के.भि. क्षमताको विद्युत प्रसारण लाईन निर्माण गर्ने”

ग) ३ कि.मि. सम्मको १३२ के.भि. क्षमताको विद्युत प्रसारण लाईन निर्माण गर्ने ।”

ग) खण्ड ६ को सट्टा देहायको खण्ड ६ राखेको छः–
“६. १० कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) अनुसूची–२ को,–

क) प्रकरण (उ) को खण्ड ३ को सट्टा देहायको खण्ड ३ राखेको छः-

"३. ४ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।"

ख) प्रकरण (ऊ) को खण्ड १ को सट्टा देहायको खण्ड १ राखेको छः—

"१. ३ कि.मि. भन्दा लामो १३२ के.भि. क्षमताको विद्युत प्रसारण लाईन निर्माण गर्ने ।"

आज्ञाले,
लक्ष्मणप्रसाद मैनाली
नेपाल सरकारको नि. सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।